नेपाल सरकार
गृह मन्त्रालय
# जिल्ला प्रशासन कार्यालय
झापा
(.............................. फाँट)

☎ ०२३- ४५५१२५ कार्यालय
४५५०८८ फ्याक्स
४५६१९१ कार्यालय
४५६१९७ प्रजिअ आवास
४५५१६६, ४५५०६६, ४५५१८८

पत्र संख्या :- ०७६/७७
चलानी न. :- ४०५५

मिति :- २०७६/०९/२८

**विषय :-** सडक अतिक्रमण संरचना हटाउने सम्बन्धमा ।

श्री नगरपालिका सबै
श्री गाउँ पालिकाको कार्यालय सबै
झापा ।

सवारी साधनको बृद्धि सगै सवारी व्यवस्थापन र गुणस्तरीय यातायात सेवा प्रदान गर्ने कार्य चुनौतिको विषय बन्दै गईरहेको छ । यसरी भित्रिएका सवारी साधनहरुको उचित व्यवस्थापन र सवारी दुर्घटना न्यूनिकरण गर्दै यातायात सेवालाई चुस्त, प्रभावकारी र मर्यादित बनाउन सडक सञ्जालको विस्तार गरी सडक सञ्जाललाई आम सडक प्रयोगकर्ताहरुको आवश्यकता अनुरुप व्यस्थित र सुविधा युक्त बनाउदै गरइरहेको भएता पनि स्थानीय स्तरमा हुने सडक क्षेत्रको अतिक्रमण तथा सडक किनारमा अव्यवस्थित रुपमा निर्माण सामग्री राख्ने प्रबृत्तिले सवारी दुर्घटनाको सम्भावना र सहज ट्राफिक व्यवस्थापनमा समेत ठुलो असर परिरहेको छ । विशेष गरी शहरी ईलाका र ग्रामिण भेगहरुमा सडकमा बिस्कुनहरु सुकाउने, छाडा चौपायाहरु छाडने, अस्थायी घर टहराहरु निर्माण गरी व्यापार व्यवसाय गर्ने घर, भवन तथा पुर्वाधार निर्माण गर्दा निर्माण सामाग्रीहरु जथाभावी सडक तथा सडकपेटीमा राख्ने, मापदण्ड विपरित पेट्रोलपम्प, बर्कसप, ग्यारेज तथा रिकण्डिसन हाउस लगायत संचालन गर्ने, अव्यवस्थित हाट बजार, फलफुल तथा अन्य पसलहरु संचालन गर्ने, अनधिकृत रुपमा सडक तथा सडक पेटीमा पार्किङ्ग गर्ने, अव्यवस्थित रुपमा सडक तथा सडकपेटीमा विजुली र टेलिफोनका पोल तथा तारहरु रहने जस्ता कारणहरुले दिन प्रतिदिन सडक दुर्घटनाका खबरहरु आइरहेको छन् । जसबाट दुर्घटना सगै आम सडक प्रयोगकर्ताहरुलाई सडक तथा सडक पेटीको सहज प्रयोगमा समस्या भइरहेको, ट्राफिक व्यवस्थापन र यातायात सेवा प्रभावित भइरहेको, शहर र सडकको सुन्दरतामा असर पर्दै गइरहेको अवस्था विद्यमान छ ।

अतः सम्बद्ध सरोकारवाला सवै निकाय, व्यक्ति, संघसंस्था, नागरिक समाज, राजनीतिक दल, संचारकर्मी समेतको व्यापक सहकार्य, समन्वय तथा सहभागितामा कानून बमोजिमको प्रक्रिया समेत अवलम्बन गरी जो दिनुपर्ने सूचना वा जानकारी सम्बद्धलाई दिई निम्न उपायहरु समेत अपनाई सकडकको Right of Way मा बनेका अनधिकृत संरचनाहरु तथा सडक किनारमा राखिएका निर्माण सामग्रीहरु तत्काल हट्ने, हटाउने व्यवस्था मिलाई चुस्त, दुरुस्त सडक यातायात तथा ट्राफिक व्यवस्थापन गरी शहर र सडकको सौन्दर्यता कायम गर्न सक्रियताका साथ कार्य सम्पादन गर्ने गराउने व्यवस्था हुन आदेशानुसार अनुरोध छ भनि गृह मन्त्रालय शान्ति सुरक्षा तथा अपराध नियन्त्रण शाखाको च.न. २२६० मिति २०७६९/०९/२७ को पत्रबाट लेखि आएको हुँदा सोही अनुसार गर्नु गराउनु हुन आदेशानुसार अनुरोध छ ।

निम्न

१. सडक अतिक्रमण हटाउन सरोकारवाला निकायहरु वीच नियमित बैठक र छलफल गर्ने ।
२. नियमित माइकिङ्ग सहित सचेतनाको लागी विभिन्न संचार माध्यमबाट सूचना प्रवाह गर्ने ।
३. अतिक्रमण गरी व्यापार व्यवसाय गर्ने व्यक्ति/संस्थालाई कानूनी दायरामा ल्याउने ।
४. अनधिकृत सवारी पार्किङ्ग गरी सवारी आवागमनमा बाधा पार्नेलाई कारवाही, जरिवाना गर्ने तथा सचेत गराउने ।
५. सडक अतिक्रमण तथा सडक किनारमा राख्ने गरिएका निर्माण सामग्री हटाउने कार्यमा व्यापक सहभागिता अभिवृद्धि गर्ने ।
६. सडक क्षेत्रको अतिक्रमण गरी निर्माण गरिएका संरचनाहरु र सडक किनारमा राखिएका निर्माण सामग्रीहरु तत्काल हटाउने, हटाउन लगाउने ।

सहायक प्रमुख जिल्ला अधिकारी

**बोधार्थ**
श्री गृह मन्त्रालय
शान्ति सुरक्षा तथा अपराध नियन्त्रण शाखा
सिंहदरबार, काठमाण्डौ ।

**बोधार्थ तथा कार्यार्थ**
श्री जिल्ला प्रहरी कार्यालय, भद्रपुर झापा :- माथी उल्लेखित निर्देशन बमोजिमको कार्य सम्बन्धित स्थानीयतहहरुको समन्वय र सहयोगमा गर्नु गराउनु हुन ।
श्री सशस्त्र प्रहरी वल हे.क्वा २ नं. गण नेपाल :-माथी उल्लेखित निर्देशन बमोजिमको कार्य सम्बन्धित स्थानीयतहरुको समन्वय र सहयोगमा गर्नु गराउनु हुन ।
श्री डिभिजन सडक कार्यालय, दमक :- माथी उल्लेखित निर्देशन बमोजिमको कार्य सम्बन्धित स्थानीयतहहरुको समन्वय र सहयोगमा गर्नु गराउनु हुन ।
श्री यातायता व्यवस्था कार्यालय, बिर्तामोड :- माथी उल्लेखित निर्देशन बमोजिमको कार्य सम्बन्धित स्थानीय तहहरुको समन्वय र सहयोगमा गर्नु गराउनु हुन ।